# दिप्रुङचुइचुम्मागाउँपालिकाको

# बिनियोजन ऐन, २०८१

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको
गाउँ सभाको बैठकबाट मिति २०८१/३/१०
गते पारित भएको दिप्रुङ चुइचुम्मा गाउँपालिकाको
बिनियोजन ऐन, २०८१ प्रमाणित
गरेको छु ।
लोकेन्द्र राई
अध्यक्ष

२०८१।४।१५

## दिप्रुङचुइचुम्मागाउँपालिका

## खोटाङ

# चुइचुम्मा गाउँपालिकाको विनियोजन ऐन, २०८१

(दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को गाउँपालिकाद्वारा सञ्चालन हुने सबै प्रकारका सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)

## प्रस्तावनाः

**दिप्रुङ चुइचुम्मा गाउँपालिकाको** आर्थिक वर्ष २०८१/८२ को सेवा कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम **दिप्रुङ चुइचुम्मा गाउँपालिकाको विनियोजन ऐन, २०८१** दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँसभाको पँन्ध्रौ अधिवेशनको बैठकबाट पारित गरी यो ऐन जारी गरेको छ ।

**संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**आर्थिक वर्ष २०८१/०८२ को** निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५०७७६३००० (अक्षेरुपीपचास करोड सत्तहत्तर लाख त्रिसठ्ठी हजारमात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ । साथै गाउँपालिकाको संचित कोषमा मौज्दात रहने रकम गा.पा को बैठकले निर्णय गरी खर्च गर्न सकिनेछ ।

**विनियोजन** : (१) यस विधेयकद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त **दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** गाँउ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै अपुग हुने देखिन आएमा गाँउ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा, खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्चतर्फ विनियोजित रकमव्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाँउ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संचितकोषवाट विनियोजन हुने रकम

(क)संचितकोषवाटबाडँफाड गरी खर्च गर्न सकिने बजेट विवरण

| दिप्रुङचुइचुम्मागाउँपालिकाको अनुमानित बजेट विनियोजन आ.व. २०८१/०८२ | | | |
|---|---|---|---|
| क्र.स. | विवरण | रकम | कैफियत |
| १. | प्रशासनिकचालु तथा चालु खर्च (वडा सहित) | ३७,११,१५,००० सैत्तिस करोड एघार लाख पन्ध्र हजार | |
| २. | गाउँपालिका पुँजीगत खर्च | १२,८०,०८,००० बाह्र करोड असि लाख आठ हजार | |
| ३. | १ नं वडा पूँजीगत खर्च | २३,००,००० तेइस लाख | |
| ४. | २ नं वडा पूँजीगत खर्च | २१,००,००० एक्काइस लाख | |
| ५. | ३ नं वडा पूँजीगत खर्च | २०,००,००० बीस लाख | |
| ६. | ४ नं वडा पूँजीगत खर्च | २७,००,००० सत्ताईस लाख | |
| ७. | ५ नं वडा पूँजीगतखर्च | २३,००,००० तेइस लाख | |
| ८. | ६ नं वडा पूँजीगत | २२,००,००० बाइस लाख | |

| | | | |
|---|---|---|---|
| | खर्च | | |
| ९. | ७ नं वडा पूँजीगत खर्च | २४,००,००० चौबिस लाख | |
| | जम्मा | ५१,४५,२३,००० एकाउन्न करोड पैतालिस लाख तेइस हजार | |

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको गाउँ सभाको बैठकबाट मिति २०८१/३/१० गते पारित भएको दिप्रुङ चुइचुम्मा गाउँपालिकाको बिनियोजन ऐन, २०८१ प्रमाणित गरेको छु ।

लोकेन्द्र राई
अध्यक्ष

२०८१।३।१५